स्थानीय तह समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

स्थानीय तह समन्वय परिषद्
मुस्ताङ जिल्ला, गण्डकी प्रदेश
नेपाल
२०७७

कार्यविधि स्वीकृत मितिः २०७७|०५|२५

स्थानीय तह समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

प्रस्तावनाः

मुस्ताङ जिल्लाका सबै स्थानीय तहहरूको बस्तुस्थितिको बारेमा जानकारी लिने, असल अभ्यासहरूको अनुसरण गर्ने, स्थानीय विकासका लागि एकीकृत रूपमा योजना बनाउने तथा स्थानीय तहहरु बीच समन्वय, सहकारिता र सहअस्तित्व अभिवृद्धि गर्दै पारस्परिक सहसम्बन्ध स्थापना गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह समन्वय परिषद्को मिति २०७७|०५|२५ को पहिलो बैठकले यो कार्यविधि बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तह समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" रहेकोछ ।

(२) यस कार्यविधि स्थानीय तह समन्वय परिषद्को बैठकले स्वीकृत गरेपश्चात् लागू हुनेछ ।

(३) यस कार्यविधि मुस्ताङ जिल्लाका स्थानीय तहहरूमा मात्र लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(३) "गाउँपालिका" भन्नाले मुस्ताङ जिल्लाका सबै गाउँपालिकाहरू सम्झनु पर्दछ ।

(४) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठित स्थानीय तह समन्वय परिषद् सम्झनु पर्दछ ।

(५) "सचिव" भन्नाले स्थानीय तह समन्वय परिषद्को सचिव सम्झनु पर्दछ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको कामकाज गर्न खटिएको कर्मचारी सम्झनु पर्दछ ।

(७) "संयोजक" भन्नाले स्थानीय तह समन्वय परिषद्को संयोजक सम्झनु पर्दछ ।

(८) "सहजीकरण समिति" भन्नाले दफा ४ बमोजिम गठित सहजीकरण समिति सम्झनु पर्दछ ।

(९) "प्रमुख" भन्नाले सहजीकरण समितिको प्रमुख सम्झनु पर्दछ ।

३. **<u>स्थानीय तह समन्वय परिषद्को गठनः</u>** (१) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहेको "स्थानीय तह समन्वय परिषद्" नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको संयोजकमा स्थानीय तह समन्वय परिषद्को बैठक जुन गाउँपालिकामा हुनेगरी तय भएको हो, सोही गाउँपालिकाको अध्यक्ष रहनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको सचिव संयोजकको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत रहनेछ ।

(४) स्थानीय तह समन्वय परिषद्को बैठक आलोपालो रूपमा प्रत्येक गाउँपालिकामा गरिनेछ ।

(५) एक गाउँपालिकामा बैठक सम्पन्न भएपश्चात सोही बैठकले अर्को बैठक बस्ने गाउँपालिका र समय तय गर्नेछ ।

(६) बैठकको स्थान तय भएपश्चात संयोजक स्वतः सोही गाउँपालिकाको अध्यक्ष भएको मानिनेछ ।

४. **<u>सहजीकरण समितिः</u>** (१) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू सदस्य रहेको एक सहजीकरण समिति रहनेछ ।

(२) सहजीकरण समितिको प्रमुखको रुपमा स्थानीय तह समन्वय परिषद्को सचिव रहनेछ ।

(३) सहजीकरण समितिको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ ।

(४) सहजीकरण समितिको बैठकको आह्वान समितिका सबै सदस्यहरूको सहमतिमा प्रमुखले गर्नेछ ।

(५) सहजीकरण समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक बस्ने स्थानको तय प्रमुखले गर्नेछ ।

५. **<u>सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः</u>** सहजीकरण समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहनेछ;

(१) परिषद्को बैठकको लागि प्रस्तावहरू तयार गर्ने ।

(२) सहजीकरण समितिका निर्णयहरू संयोजक समक्ष पेश गर्ने ।

(३) सहजीकरण समितिमा पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

६. **<u>सचिवको काम, कर्तव्य र अधिकारः</u>** सचिवको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ;

(१) परिषद् बैठकको तयारी गर्ने ।

(२) परिषद्को बैठकको लागि तय भएका प्रस्तावहरू परिषद्का सबै सदस्यहरूलाई बैठक बस्नुभन्दा तीन दिन अगावै पठाउने ।

(३) परिषद्ले गरेका निर्णयका प्रमाणित प्रतिहरू प्रत्येक गाउँपालिकामा कार्यान्वयनका लागि पठाउने ।

(४) परिषद्को बैठकको निर्णयका अभिलेख सुरक्षित राखी आगामी बैठकको सचिवलाई हस्तान्तरण गर्ने ।

(५) परिषद् तथा सहजीकरण समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

७. **<u>बैठकको आह्वान गर्नेः</u>** (१) संयोजकले सचिवसँग समन्वय गरी परिषद् बैठकको आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैठक आह्वान गर्दा कम्तीमा पाँच दिनको समय दिई सबै सदस्यहरूलाई बैठकमा उपस्थित हुन आह्वान गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम आह्वान भएको बैठकमा उपस्थितिका लागि छिटो र भरपर्दो माध्यमबाट सबै सदस्यहरूलाई सूचना दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्राप्त भएपछि तोकिएको मिति, समय र स्थानमा सञ्चालन हुने बैठकमा उपस्थित हुनु सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

(५) परिषद् बैठक वर्षमा कम्तिमा तीन पटक बस्नेछ । परिषद् बैठकहरू प्रत्येक वर्ष बैशाख, भदौ र मंसीर महिनाको पहिलो साता बस्नेछ । संयोजकले अध्यक्षहरूको सल्लाह, सुझाव र सहमतिमा विशेष बैठक बोलाउन सक्नेछ ।

८. **<u>बैठकको गणपूरक संख्याः</u>** (१) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम गणपूरक संख्या नपुगेमा संयोजकले भोलिपल्टको लागि अर्को बैठक आह्वान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम आह्वान गरेको बैठकमा गणपूरक संख्या नपुगेमा पन्ध्र दिनभित्र बैठक बस्नेगरी दफा ७ बमोजिम पुनः बैठक आह्वान गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम आह्वान भएको बैठकमा प्रत्येक गाउँपालिकाबाट कम्तीमा १ जना सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

स्पष्टीकरणः यस दफा बमोजिम बैठक बस्दा प्रत्येक गाउँपालिकाबाट १ जना सदस्य अनिवार्य हुनु पर्नेछ ।

९. **बैठक सञ्चालन कार्यविधिः** (१) संयोजकको अनुमतिले बैठकको सञ्चालन सचिवले गर्नेछ ।

(२) संयोजकले सबै सदस्यको सल्लाहमा बैठकको कार्यवोझलाई ध्यानमा राखी बैठक सञ्चालन गर्नु पर्नेछ ।

(३) संयोजकले निर्धारण गरेको समय तालिका बमोजिम बैठक सञ्चालन हुनेछ ।

(४) संयोजकले बैठकमा उपस्थित सदस्यहरू मध्येबाट आफूलाई उपयुक्त लागेको कुनै सदस्यलाई बैठकको वा बैठकको कुनै सत्रको संयोजकत्व गर्न दिन वा बैठकमा निर्णयार्थ विषयहरू प्रस्तुत गर्न अनुमति दिन सक्नेछ ।

(५) संयोजकले प्रत्येक बैठकको प्रारम्भ, समापन वा स्थगनको घोषणा गर्नेछ ।

१०.**मर्यादित संबोधनः** कुनै सदस्यले बैठकमा पेश गरेको वा राखेको प्रस्तावमा कुनै आपत्तिजनक, व्यंग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा संयोजकले त्यस्ता विषय संशोधन गर्न वा गराउन एवम् बैठकको निर्णय पुस्तिकाबाट त्यस्ता शब्द वा वाक्यांश हटाउन आदेश दिन सक्नेछ ।

११. **बैठकमा बोल्ने क्रमः** बैठकको छलफलमा बोल्ने क्रम देहाय बमोजिम हुनेछः-

(१) बैठकमा सदस्यहरूले बोल्ने क्रम संयोजकले तय गर्नेछ ।

(२) संयोजकले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिम बैठकमा भाग लिएका सदस्यले बोल्नु पर्नेछ ।

(३) बैठकमा कुनै प्रस्ताव पेश गर्ने सदस्यले सो प्रस्तावको विषयमा उठेका सवालहरूको जवाफ दिनको लागि छलफलको अन्त्यमा संयोजकले निजलाई समय दिन सक्नेछ ।

१२. **स्पष्ट पार्न माग गर्न सकिनेः** (१) बैठकमा छलफल चलिरहेको समयमा सम्बन्धित विषयमा कुनै सदस्यलाई अस्पष्ट भएमा थप स्पष्टताको लागि संयोजक मार्फत् अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संयोजकको अनुमति लिई कुनै सदस्यले जानकारीको लागि छलफलसँग सम्बन्धित विषयमा थप प्रष्ट पार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्ट जानकारी दिँदा कुनै विवादास्पद विषय उठाउन वा सो उपर छलफल गर्न पाइने छैन ।

१३. **निर्णय प्रकृयाः** (१) परिषद् तथा सहजीकरण समितिका निर्णयहरू सर्वसम्मतिबाट हुनेछ ।

१४. **निर्णय प्रमाणिकरणः** (१) परिषद् बैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

(२) सहजीकरण समितिको बैठकको निर्णय प्रमुखले प्रमाणित गर्नेछ ।

१५. **खर्च व्यवस्थापनः** (१) आयोजक गाउँपालिकाले परिषद्/सहजीकरण समितिका सदस्यहरूको लागि खाना तथा आवास र बैठक सञ्चालन खर्चको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) आयोजक गाउँपालिकाले खर्च बेहोर्नुपर्ने व्यक्तिहरूमा परिषद्/सहजीकरण समितिका सबै सदस्यहरू, सदस्यहरूका निजी सचिवहरू र सदस्यहरूका सवारी चालकहरू पर्नेछन् ।

१६. **बैठकमा आमन्त्रण गर्न सकिनेः** (१) परिषद् तथा सहजीकरण समितिका बैठकहरूमा आयोजक गाउँपालिकाले जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी एवम् आफ्नै गाउँ सभाका सदस्यहरू तथा कर्मचारीहरूलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आमन्त्रण गरिएका सदस्य तथा सहयोगी कर्मचारीहरूको लागि अन्य व्यवस्था संयोजकले तोके बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम आमन्त्रण गरिएका सदस्य तथा सहयोगी कर्मचारीहरूको बैठकमा निर्णायक मत रहने छैन ।

१७. **बैठकमा छलफल गर्न नपाइने विषयहरूः** देहायका विषयमा परिषद् तथा सहजीकरण समितिका बैठकहरूमा छलफल गर्न पाइने छैन ।

(१) नेपालको संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय ।

(२) कानूनतः गोप्य रहने विषय ।

(३) राष्ट्रिय हित विपरित हुने विषय ।

(४) कार्यपालिकाहरूको निर्णयको आलोचना हुने विषय ।

(५) गाउँ सभाबाट निर्णय भएको विषय ।

(६) अदालतमा विचाराधिन विषय ।

(७) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने विषय ।

(८) विभिन्न जातजाति, धर्म, सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष खलल पार्ने विषय ।

(९) वैयक्तिक गोपनियताका विषय ।

(१०) गाउँपालिकाहरू बीच विद्वेष उत्पन्न हुने विषय ।

१८. आचार संहिताः (१) परिषद् तथा सहजीकरण समितिले बैठकहरू सञ्चालन गर्नको लागि आचार संहिता बनाउन सक्नेछन् ।

(२) बैठकका सदस्यहरूले नेपालको संविधान तथा अन्य प्रचलित कानून बमोजिमको उत्तरदायित्व पूरा गर्ने तथा निजहरूको काम कारवाहीमा सार्वजनिक विश्वास कायम गर्न बैठकबाट स्वीकृत आचार संहिता पालना गर्नु पर्नेछ ।

१९. शान्ति सुरक्षा सुव्यवस्था कायम राख्नेः परिषद् तथा सहजीकरण समितिका बैठक अवधिभर बैठकको सुरक्षार्थ संयोजक तथा प्रमुखले सुरक्षा निकायलाई सहयोगको लागि अनुरोध गरेमा सुरक्षा उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

२०. संशोधनः यस कार्यविधिको कुनै दफा वा उपदफामा उल्लिखित विषयमा संशोधन गर्नु परेमा परिषद्को सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतको आधारमा संशोधन गर्न सकिनेछ ।

-0-